फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७९/०८०

चलानी नं. १४८८

मितिः २०७९/११/०८

विषयः प्रशिक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।

**श्री वडा अध्यक्षज्यूहरू (सबै), फलेवास नगरपालिका, पर्वत ।**

**श्री वडा सचिवहरू (सबै), फलेवास नगरपालिका, पर्वत ।**

यस कार्यालयको आयोजना र ब्रह्माकूमारी ईश्वरीय विश्व विद्यालय, फलेवास शाखाको समन्वयमा देहायको मिति, समय र स्थानमा **आनन्दमय जीवनको लागि सकारात्मक विचारः एक प्रवचन कार्यक्रम** आयोजना गरिएको हुनाले सबै वडा अध्यक्षज्यूहरू/ कार्यपालिकाका सदस्यज्यूहरू/ वडा सदस्यज्यूहरू तहाँ वडा कार्यालयका सबै कर्मचारीहरू/ स्वास्थ्य संस्थाका कर्मचारीहरू तथा वडा अन्तर्गत रहेका विद्यालयका शिक्षकहरू, विभिन्न संघ संस्था तथा आमा समूहहरू समेत इच्छुक सबै महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ । साथै, इच्छुक महानुभावहरू तथा संघ,संस्था तथा निकायहरुलाई तहाँबाटै पत्राचार गरिदिनुहुन समेत अनुरोध छ ।

उल्लिखित कार्यक्रममा **अन्तर्राष्ट्रिय उत्प्रेरक वक्ता (International Motivational Speaker) श्री रमण भट्टराई**ज्यूको मनमोहक एवम् सकारात्मक विचारोत्तेजक प्रवचन रहनेछ ।

प्रवेशः निशुल्क

देहाय

कार्यक्रम हुने मिति, समय र स्थान

मितिः २०७९/११/११ गतेदेखि २०७९/११/१३ गतेसम्म

समयः विहान ठीक ६.०० देखि विहान करीब ९.०० बजेसम्म (विहानी कार्यक्रम)

विहान ठीक ११.०० बजेदेखि करीब २.०० बजेसम्म (दिउसोको कार्यक्रम)

स्थानः ५ नं. वडा कार्यालयको सभाहल, खानीगाउँ, फलेवास ।

(विहानी वा दिउसोको कार्यक्रममध्ये कुनै एक कार्यक्रममा स्वेच्छिक रूपमा भाग लिन सकिनेछ । कर्मचारी साथीहरूले उपयुक्त रुपमा समय व्यवस्थापन गरी दैनिक सेवाप्रवाहलाई प्रवाहित नबनाउनुहोला ।)

कार्यक्रम समन्वयकर्ताहरू

अधिकृत श्री रमेश शर्मा

अधिकृत श्री प्रकाश लम्साल

सामाजिक अभियन्ता श्री कमल घिमिरे

वडा सचिव श्री बुद्धिराज शर्मा

**(कार्यक्रमको लागि सार्थक समन्वय गर्नुहुन)**

(नेत्रप्रसाद पौडेल)

**प्रमुख प्रशासकीय अधिकृत**

**"विरलै मात्रै प्राप्त हुने यस प्रकारको अवसरको सबैले भरपूर सदुपयोग गरौः जीवन स्वस्थ्य र सार्थक बनाऔं"**